**पोखरा उपत्यका साइडसिन घुम्न जाऔं**

**घुमाउने ठाउँहरू**

बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ १२ गते शनिबार ❑ 25 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## 'अधुरा योजना पूरा गर्ने विषयम सरकारको पहिलो प्राथमिकतामा'

पोखरापत्र संवाददाता
पर्वत, ११ माघ

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले अधुरा योजना पूरा गर्नेगरी सरकारले प्राथमिकता दिएको बताउनुभएको छ।

जिल्लाको जलजला गाउँपालिका-१ बाँसखर्कमा शुक्रबार आयोजित सुन्तला महोत्सवमा उहाँले पुराना र अधुरा योजना सम्पन्न गर्ने विषय सरकारको पहिलो प्राथमिकतामा परेको बताउनुभएको छ। अधुरा योजना पूरा गर्ने सन्दर्भमा आवश्यक नीति बनाएर सरकारले बजेट व्यवस्थापन गरेको मुख्यमन्त्री पाण्डेको भनाइ छ। खानेपानी, सडक, सिंचाइका लामो समयदेखि अलपत्र र रूग्ण बनेका योजनालाई केही वर्षभित्र सम्पन्न गर्नेगरी काम अघि बढाइने उहाँले दाबी गर्नुभयो।



मुख्यमन्त्री पाण्डेले प्रदेश सरकार स्थापना भएपछि देखिनेगरी विकास, निर्माणका क्षेत्रमा काम भएको बताउनुभयो। सङ्घीय सरकारले गर्न नसकेका कामहरू प्रदेश सरकारबाट भएको दाबी गर्दै सीमित स्रोत र साधनका बीच पनि धेरै काम सम्पन्न भएको उहाँले उल्लेख गर्नुभयो। सङ्घीय सरकारले प्रदेशलाई पर्याप्त अधिकार नदिँदा कतिपय काम गर्न नसकिएको उहाँले धारणा राख्नुभयो।

गण्डकी प्रदेशका कृषि भूमि तथा सहकारीमन्त्री पद्या जिसी श्रेष्ठले प्रदेशलाई कृषि उत्पादनमार्फत आत्मनिर्भर बनाउनका लागि सरकारले विशेष योजनाका साथ काम गरिरहेको जानकारी दिनुभयो। कृषि क्षेत्रको विकासबिना कुनै पनि जिल्लामा आर्थिक विकास गर्न नसकिने उहाँले विचार राख्नुभयो। उद्योग तथा पर्यटनमन्त्री मिजलाल बस्यालले विकास निर्माणका योजनालाई प्राथमिकता निर्धारण गरेर सञ्चालन गरिने बताउनुभयो। उहाँले उत्पादनशील ग्रामीण क्षेत्रमा विकासका पूर्वाधारको पहुँच पुऱ्याउन सरकारले निरन्तर प्रयास गरेको भन्दै प्रदेशबाट पर्वतका सडक, सिँचाइ, खानेपानी, विद्युत् लगायत सुविधा विस्तारका लागि बजेट विनियोजनमा प्राथमिकता दिइने उहाँको भनाइ थियो। राष्ट्रियसभा सदस्य मनरूपा शर्मा, प्रदेशसभाका सांसद भक्त कुँवर, रेखा गुरुङ, गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रघुराम विष्टलगायत वक्ताले कार्यक्रममा सम्बोधन गर्नुभएको थियो। बाँसखर्कमा यस वर्ष करिब रु १९ करोडको सुन्तला उत्पादन भएको अनुमान गरिएको छ। यहाँका दुई सय ३९ परिवार व्यावसायिक रूपमा सुन्तलाखेतीमा आबद्ध छन्। हरेक किसानले न्यूनतम रु पाँच लाखदेखि अधिकतम रु ४० लाखसम्म भित्र्याउँदै आएका छन्। सुन्तला उत्पादन धेरै भए पनि ढुवानी गर्न सडक जीर्ण भएकाले राज्यको ध्यानाकर्षण गराउन सुन्तला महोत्सव आयोजना गरिएको हो। महोत्सवमा सहभागी मुख्यमन्त्री, राजनीति दलका नेतालगायत सरोकारवाला निकायका प्रतिनिधिले सडक मर्मतमा तत्काल पहल गर्ने प्रतिबद्धता जनाउनुभएको थियो।

## पोखरा महानगरपालिकाको १६ औँ नगरसभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

पोखरा महानगरपालिकाको १६औँ नगरसभा सम्पन्न भएको छ। गत पुस २८ गतेदेखि सुरु भएको नगरसभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरूमाथि छलफल गरी सर्वसम्मतिले पारित गरी शुक्रबार नगरसभा सम्पन्न भएको हो। सभामा प्रस्तुत सबै विषयहरूलाई सभाको अङ्गका रूपमा आत्मसात गर्दै नगरसभा सम्पन्न गरिएको नगरप्रमुख धनराज आचार्यले जानकारी दिनुभयो। सभाले भवन नियमित तथा अभिलेखीकरण कार्यविधि (पहिलो संशोधन) २०८१, आर्थिक ऐन संशोधन २०८१, भवन निर्माण तथा पूर्वाधार (पहिलो संशोधन) २०८१, चार तला माथिका भवनहरूको सम्बन्धमा तुलनात्मक अध्ययन प्रतिवेदन तथा कार्यविधि निर्माणका लागि कार्यपालिकालाई दिइने निर्देशनसमेत पारित गरेको छ।

त्यसैगरी विभिन्न योजना तथा कार्यक्रमको बजेट तथा कार्यक्रम संशोधन, परिमार्जन र रकमान्तरका लागि नगरप्रमुखलाई अधिकार प्रत्यायोजन गर्दै सभाले शिशुवा अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रस्ताव पारित गरेको छ।

यसअघि कार्यपालिकाको बैठकले निर्णय गरी नगरसभामा पेस गर्नुपर्ने भनी गरेका सम्पूर्ण निर्णय अनुमोदन गरिएको छ। सभाले राजस्व बक्यौता असुली कार्य योजना पारित गर्दै राजस्व बक्यौता असुलीका लागि महानगरपालिकाका प्रवक्ता मोतीलाल तिम्सिनाको संयोजकत्वमा दुई नगरसभा सदस्यहरू, लेखा समितिका एक जना सदस्य, वित्त व्यवस्थापन महाशाखा प्रमुख, नगर प्रहरीको तर्फबाट एक जना सदस्य रहने गरी राजस्व महाशाखाका प्रमुख सदस्य सचिव रहेको एक समिति गठन गरेको छ।

महानगरपालिकाका विभिन्न क्षेत्रहरूमा हाल साविकको समस्या रहेकाले त्यसको समाधानका लागि सम्बन्धित निकायमा समन्वय गर्ने प्रस्ताव सभाले पारित गरेको छ।

## पोखरामा कृषकलाई फलफूलका बिरुवा वितरण

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

पोखरा महानगरपालिकाले कृषकहरूलाई विभिन्न जातका फलफूलका बिरुवा ५० प्रतिशत अनुदानमा वितरण गरेको छ।

महानगरपालिकाले हिउँदे फलफूलका बिरुवा वितरण कार्यक्रमअन्तर्गत सार्वजनिक सूचना आह्वान गरी निवेदनका आधारमा बिरुवा वितरण गरेको कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो। सूचनाअनुसार बिरुवाको माग अत्यधिक भए पनि उपलब्धताका आधारमा कृषकहरूलाई वितरण गरिएको उहाँले बताउनुभयो।

करिब तीन सय कृषकलाई फलफूलका बिरुवा वितरण गरिएको जानकारी दिँदै उहाँले एक हजार दुई सय किवी, छ सय लप्सी, पाँच सय नासपति, चार सय आरु, दुई सय आरुबखडा, एक सय हलुवावेदका बिरुवा वितरण गरिएको उल्लेख गर्नुभयो।

## अर्थतन्त्र सुधार गर्न सरकार अग्रसर छ : सञ्चारमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
लमजुङ, ११ माघ

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बिग्रिँदै गएको मुलुकको अर्थतन्त्र वर्तमान सरकारले सुधार्दै लगेको बताउनुभएको छ।

लमजुङ सुन्दरबजार नगरपालिका-७ मा लमजुङ उद्योग वाणिज्य सङ्घ, सुन्दरबजार एकाइद्वारा आज आयोजित १०औँ सुन्दरबजार महोत्सव उद्घाटन गर्नुहुँदै उहाँले देशको आर्थिक अवस्था सुधारमा सरकार लागिपरेको बताउनुभयो।



मुलुकमा स्थानीय उत्पादन गरेर, व्यापार, व्यवसाय बढाएर आर्थिक आम्दानी बढाउनुपर्नेमा जोड दिँदै सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले अर्थतन्त्रलाई माथि उठाउन अर्थतन्त्रसँग जोडिएका ११ कानुन संशोधन गरेर अध्यादेशमार्फत सरकार अघि बढेको स्पष्ट पार्नुभयो। काङ्ग्रेस-एमाले मिलेर सरकार बनाउनुको उद्देश्य पनि अर्थतन्त्र सुधार गर्नु रहेको सञ्चारमन्त्री गुरुङको भनाइ छ। उहाँले विभिन्न समयमा दुई पार्टी मिलेर देशका लागि काम गर्दै आएको र अहिले पनि देशको लागि वर्तमान सरकार महत्त्वपूर्ण रहेकाले बताउँदै आगामी तीन वर्ष नै यही मुख्य दुई ठूला दलको सरकार कायम रहने बताउनुभयो।

वर्तमान सरकारले अर्थतन्त्र सुधारसहित सुशासन र विकास प्राथमिकतामा राख्दै जनताको चाहनाअनुसार विकास गरिरहेको सञ्चारमन्त्री गुरुङले बताउनुभयो। चाहे जति विकास भइसके पनि विकासको जग बसालिसकेकाले अब विस्तारै विकासको अनुभूति जनताले महसुस गर्ने उहाँको भनाइ छ। त्यस्तै गण्डकी प्रदेशका वन तथा वातावरणमन्त्री भेषबहादुर पौडेलले प्रदेश सरकारले जनताको प्राथमिकताका आधारमा काम गर्दै आएको बताउनुभयो।

## गण्डकी प्रदेशसभाको अधिवेशन आह्वान

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

गण्डकी प्रदेशसभाको अधिवेशन यही माघ २१ गतेका लागि आह्वान गरिएको छ।

गण्डकी प्रदेशका प्रमुख दिल्लीराज भट्टले नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम माघ २१ गते दिनको २ बजेदेखि आरम्भ हुनेगरी अधिवेशनको आह्वान गर्नुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता रामेश्वर अर्यालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।


### वैदेशिक रोजगारमा जाँदा ख्याल राख्नुपर्ने कुराहरु

- वैदेशिक रोजगारीका बारेमा राम्ररी बुझेर मात्रै जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा सम्बन्धित देशको नियम कानूनको बारेमा जानकार रहा,
- आधिकारिक प्रमाणपत्र र कागजात बनाएर मात्रै वैदेशिक रोजागारीमा जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा बैधानिक बाटो प्रयोग गरौं,
- सरकारबाट प्रदान गरिने आधारभूत प्रशिक्षण लिएर मात्रै वैदेशिक रोजगारीमा जाऔं,
- वैदेशिक रोजगारीका नाममा अनेक झुट्टा प्रलोभन देखाएर ठगीको सिकार हुन सक्ने भएकाले सजग रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## चार वर्षमा पनि सम्पन्न भएन सेती नदीमा पुल निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, ११ माघ

यहाँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित सेती नदीमा निर्माणाधीन एक सय ५० मिटर लम्बाइको पुल चार वर्षमा आधा मात्रै निर्माण भएको छ।

हालसम्म जम्मा ५२ दशमलव १८ प्रतिशत मात्र भौतिक प्रगति भएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ। उक्त पुल निर्माण गर्न विसं २०७७ पुस ५ गते सम्झौता भएको सो कार्यालयका प्रमुख रवीन्द्र तिवारीले जानकारी दिनुभयो। विसं २०८० जेठ २५ गतेसम्म सम्पन्न गर्नुपर्ने सम्झौता भएपनि काम नसकिएपछि अन्तिम पटकका लागि विसं २०८२ मङ्सिर २० गतेसम्मको म्याद थप गरिएको उहाँले बताउनुभयो। पुल निर्माणका लागि रु १५ करोड ५९ लाख १७ हजार छ सय ९९ मा एमएस महादेव खिम्ती अन्जनय पराजुली जेभीले ठेक्का लिएको थियो। उक्त पुल निर्माणमा हालसम्म रु आठ करोड १३ लाख ६२ हजार पाँच सय ३३ खर्च भएको तिवारीले जानकारी दिनुभयो।

चालु आर्थिक वर्षमा जिल्लामा नौ वटा सडक पुल निर्माणाधीन छन्। त्यसमध्ये चार वटा पुराना र पाँच वटा नयाँ छन्। विस्तृत अध्ययन तयार भएको र अन्य बाँकी सडक पुल सङ्ख्या २३ वटा छन्। चार वटा सडकपुल मौलाकाली


बाँकी अन्तिम पृष्ठमा ▶▶





सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मिस तामाङ पोखरा ग्राण्ड फिनाले शनिबार, तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

मिस तामाङ पोखराको ग्राण्ड फिनाले माघ १२ गते शनिबार हुँदैछ । बैदाम तामाङ सेवा समाजको आयोजनामा नवौं संस्करणको मिस तामाङ पोखराको सम्पुर्ण तयारी पुरा भएको छ । प्रतियोगिता पोखरा सभागृह हलमा मध्यान्ह १२ बजेबाट शुरु हुने आयोजक संस्थाका अध्यक्ष ज्याक तामाङले बताए ।



प्रतियोगितामा ११ जना तामाङ समुदायका युवतीहरुको सहभागिता रहेको छ । सहभागीहरुमा आकृति तामाङ, मञ्जिता पाखिन, प्रिन्सेस घिसिङ तामाङ, पुर्णिमा थिंङ्ग तामाङ, सुनिता तामाङ, शिशा लामा, सुप्रिया गोले तामाङ, पुर्णिमा लामा, सुमिना तामाङ, जमुना लामा र सोनिका तामाङ रहेको कार्यक्रम संयोजक रोश्मा ब्लोन तामाङले जानकारी दिए ।

प्रतियोगिताको विजेताले ताज, ट्रफी, प्रमाणपत्र सहित रु १ लाख नगद तथा आकर्षक गिफ्ट ह्याम्परहरु प्राप्त गर्नेछिन । फस्ट रनरअपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछ । त्यस्तै सेकेण्ड रनरअपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ३० हजार रुपैयाँ हात पार्नेछन् । भ्युवर्स च्वाइसका रुपमा एकजनाले नगद २० हजार पुरस्कार समेत प्राप्त गर्नेछन ।

कार्यक्रमको मुल संयोजकमा पुर्व मिस तामाङ पोखरा रोश्मा ब्लोन तामाङ, सह संयोजक रोशिला तामाङ रहेका छन् । कार्यक्रमको प्रमुख निर्णायकमा चलचित्र निर्देशक तथा नेपाल चलचित्र विकास वोर्डका अध्यक्ष दिनेश डिसी, मिस नेपाल २००९ जेनिशा मोक्तान, गीतकार तीर्थ तामाङ रहनेछन भने चर्चित कलाकार विशाल काल्तान, राजेन्द्र नेपाली लगायतका कलाकारको प्रस्तुती रहने छ । कार्यक्रमबाट बचत रकम पेमा धेछेन्लिङ तामाङ शान्ति गुम्बा सहयोगार्थ खर्च गरिने आयोजकले जनाएको छ ।

सोनाम ल्होसारको अवसरमा आयोजित कार्यक्रमका सहभागीहरुलाई विभिन्न विषयमा तालिम दिइएको छ । तालिममा पोखरेली युवा साँस्कृतिक परिवारका निवर्तमान अध्यक्ष उपेन्द्र पौडेल, रेडियो अन्नपुर्णका स्टेशन म्यानेजर सन्जय मल्ल, नेपाल जेसिसका पुर्व अध्यक्ष राजु केसी, भाषाविद अमृत योञ्जन, पुर्व मिस तामाङ पोखरा कविता योञ्जन, नेपाल तामाङ घेदुङका केन्द्रिय उपाध्यक्ष दीपक वाइवा तामाङ, मिङमार तामाङ, पुर्व मिस नेपाल अनुष्का श्रेष्ठ, गण्डकी प्रदेशका प्रेस रजिष्टार विमला भण्डारी, बैदेशिक अध्ययनका चुनौतीका बारेमा नैना थिङ्ग लामा ताम्राकारले सहजीकरण गरेका थिए ।

यसैगरि अधिवक्ता जुना गुरुङ, गुरु लामा पाल्देन, फिटनेसका बारेमा आभ्या क्लब, तामाङ समुदायको रितिरिवाजका बारे नेपाल तामाङ घेदुङका पुर्व केन्द्रिय अध्यक्ष धनप्रसाद तामाङ, एभिन्युज टेलिभिजनका अध्यक्ष भाष्कर‍राज कर्णिकार, नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष कन्चन थापा, एस के डान्स स्कुलका संचालक राम लामाले नृत्य कला सिकाएका थिए । यसगरि विद्याज डाइटका संचालक डाइटिसियन श्रीविद्या कायस्थले सन्तुलित आहार, गुरुङ व्युटी एकेडेमीका सौन्दर्यविद चिनु गुरुङले सौन्दर्यकला, खोजमिडियाका संचालक एवम फोटो पत्रकार गणेश ब्लोन लामाले फोटोग्राफी, इलाका प्रहरी कार्यलाय शिशुवाका प्रमुख प्रहरी नायव उपरिक्षक श्रवणकुमार विकले साइबर सुरक्षा र नेपाल पत्रकार महासंघ कास्कीका पुर्व अध्यक्ष तथा एभरेष्ट रेडियोका प्रबन्ध निर्देशक दीपेन्द्र श्रेष्ठले लिडरसिपका बारेमा प्रशिक्षण प्रदान गरेका थिए ।

# देशभक्त छोरो मर्दा देशै रूँदो रैछ...

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

उपचारका क्रममा भारतको एक अस्पतालमा मङ्गलबार निधन हुनुभएका पूर्वऊर्जा राज्यमन्त्री एवं संविधानसभा सदस्य रामजीप्रसाद शर्माको बिहीबार बागलुङस्थित निरयघाटमा अन्त्येष्टि गरिएको छ । सशस्त्र प्रहरी बलको शोक सलामीसहित गरिएको अन्त्येष्टिमा पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालसहित सयौँ मानिस उपस्थित थिए ।



पूर्वप्रधानमन्त्री नेपालले दिवङ्गत शर्माको घर र अन्त्येष्टिस्थलमा पुगेर उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । सो क्रममा उहाँले नेपालको राजनीतिक आन्दोलनले असल र निष्ठावान नेतालाई गुमाएको बताउनुभयो । अठसठ्ठी वर्षको उमेरमा भएको शर्माको अप्रत्यासित निधनको खबरले आफू स्तब्ध बनेको उहाँको भनाइ थियो । मानिसको जीवन नश्वर रहेको भन्दै पूर्वप्रधानमन्त्री नेपालले व्यक्ति दिवङ्गत भएर गए पनि उसका सही कर्म र योगदानको सदा स्मरण भइरहने बताउनुभयो । जेबी टुहुरेको गीत 'मृत्यु पनि मान्छेपिच्छे फरक हुँदोरैछ, देशभक्त छोरो मर्दा देशै रूँदो रैछ' सम्झँदै उहाँले शर्माको निधनको खबर सुन्ने जोकोही मर्माहत भएको बताउनुभयो । पूवप्रधानमन्त्री नेपालले आगामी ससंद् बैठकमा दिवङ्गत शर्माप्रति श्रद्धाञ्जलीसहित सम्मान गरिनुपर्ने बताउनुभयो । देश र जनताप्रति जीवन समर्पित गर्नेहरू सधैँ प्रंशसायोग्य रहने भन्दै उहाँले शर्मा पनि आफ्ना व्यवहार र आचरणका कारण जनतामाझ लोकप्रिय रहेको बताउनुभयो ।

विसं २०६४ को पहिलो संविधानसभा चुनावमा बागलुङ-१ बाट निर्वाचित शर्मा बागलुङको कम्युनिष्ट आन्दोलनको अगुवा नेताका रूपमा चिनिनुहुन्छ । पछिल्लो समय नेकपा (एकीकृत समाजवादी)मा क्रियाशील रहनुभएका उहाँ संविधानसभाको पहिलो कार्यकालमा ऊर्जा राज्यमन्त्री हुनुभएको थियो । उहाँ कुशल सङ्गठक र विकासप्रेमी नेताका रूपमा परिचित हुनुहुन्थ्यो । शर्माले पञ्चायतकालमा बागलुङमा तत्कालीन नेकपा (माले) स्थापना र सङ्गठन विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

उहाँले पञ्चायतविरोधी आन्दोलनमा मालेका तत्कालीन नेता गोविन्द अधिकारी, मोहनलाल शर्मा, नरबहादुर थापालगायतसँग मिलेर काम गर्नुभएको थियो ।

शर्माले नेकपा (एमाले) बागलुङको सचिवका रूपमा १५ वर्ष, धवलागिरि इञ्जार्ज र केन्द्रीय सदस्यका रूपमा पनि जिम्मेवारी पूरा गर्नुभएको थियो । मिर्गौला प्रत्यारोपणका लागि भारत जानुभएका शर्माको उपचारकै क्रममा निधन भएको थियो । शर्माका श्रीमती, दुई छोरा र छोरी छन् ।

# राष्ट्रिय औद्योगिक व्यापार मेलामा सहभागी दर्शकलाई मोवाइल पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

पोखराको नयाँबजारमा रहेको प्रदर्शनी केन्द्रमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेला एवं आइटी महोत्सवमा सहभागी दर्शकहरू मध्य हरेक दिन पाँचजनालाई मोवाइल पुरस्कार दिइने भएको छ ।




मोवाइल बितरक संघ, गण्डकीसँगको सहकार्यमा आयोजित चौथो मोवाइल एक्सपो अन्तर्गत मोवाइल खरिदमा ५० प्रतिशतसम्म छुटको व्यवस्था सहित एक्सचेञ्ज अफर, किस्तामा मोवाइल फोन खरिदको प्याकेज मेलामा रहनेछ मेलामा जाने दर्शक मध्येबाट हरेक दिन पांच जनालाई डोर प्राइजको रुपमा ५ वटा मोवाइल उपलब्ध गराइने भएको मोबाइल वितरक संघ गण्डकीका अध्यक्ष मनोहर श्रेष्ठले जानकारी दिएका छन् । क्यान कास्कीसँगको सहकार्यमा हुने १२ औं क्यान इन्फोटेक २०२५ अन्तर्गत सूचना प्रबिधि क्षेत्रमा आएका नयाँ आविष्कार, सूचना प्रविधि उद्योगमा देखिएका नयाँ सम्भावना सहित सफ्टवेयर निर्माण एवं यसको बजार, आइटीसँग सम्बन्धित खेल र प्रतियोगिता पनि महोत्सवको आकर्षण बन्ने क्यान कास्कीका अध्यक्ष पुरुषोत्तम कुँवरले ब्यक्त गरे । राष्ट्रिय औद्योगिक व्यापार मेला एवं आइटी महोत्सव२०८१,१२ औं क्यान इन्फोटेक २०२५ तथा चौथो मोवाइल एक्सपो २०२५ मा देशका सातवटै प्रदेशका मौलिक र हस्तकलाका उत्पादनहरुको प्रदर्शनीको अलावा औद्योगिक उत्पादन,घरायसी सामान, कम्प्यूटर र मोवाइल, पुष्प प्रदर्शनीलाई पनि समाहित गरिएको छ । मेलामा हामी गण्डकी प्रदेशमा रहेका ठूला, मझौला र साना उद्योगका उत्पादनका अलावा रोजगारी सिर्जना, नयाँ सम्भावनाको खोजी एवं अन्य प्रदेशका असल अभ्यासहरुलाई पनि समावेश गर्ने जमर्को गरिरहेका छौँ । मेलालाई सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा,स्वास्थ्य,पर्यटनलगायत कृषिजन्य उत्पादनहरुलाई प्रवर्द्धन तथा बजारीकरणमा समेत सघाउ पुऱ्याउने गरी आयोजना गरिँदै छ,' उनले भनेका छन्,' लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन भन्ने नारा अनुरुप आयोजना हुने मेलामा अन्य प्रदेशका निजी क्षेत्रले अलम्बन गरेका असल अभ्यासलाई पनि प्रदर्शन गरौँ,सहकार्यको नयाँ अध्याय सुरुवात गर्दै सो क्षेत्रको लगानी गण्डकी प्रदेशमा आकर्षित गरौँ भन्ने पुनित लक्ष्य पनि हामीले राखेका छौँ ।' संघकी महासचिव शोभा गौतमका अनुसार मेलामा निजी क्षेत्रबीच सहकार्य र सम्भावनाबारे चर्चा पनि हुनेछ । प्रचार प्रसार संयोजक तथा संघका कार्यसमिति सदस्य मनोहरि पौडेलका अनुसार मेलामा विश्वस्तरमा चल्तीमा रहेका आर्टीफिसियल इन्टलिजेन्स ( एआई), (उन्नत सीसी टिभी सर्भिलेन्स पनि उपलब्ध हुनेछन् । महोत्सव अन्तरगत माघ ११ मा कलाकारहरू पुरूत्तोम न्यौपाने, घनश्याम रिजाल, कमला गैहे, सविना गुरूङ लगाएतका कलाकारहरूले प्रस्तुती दिएका थिए भने माघ १२ गते मन्जु पौडेल, श्रीकृष्ण बम मल्ल, पार्वती गुरूङ,सरस्वती लामिछाने ,सन्तोष सुवेदी लगाएतका कलाकारहरूको प्रस्तुति रहने छ । महोत्सवमा सहभागी दर्शकले टिकट सगै नेपाल टेलिकमको सिमकार्ड निशुल्क पाउने छन् । माघ १० गतेबाट जारी महोत्सव माघ १७ गतेसम्म रहने छ ।

# टाइगर कपको ट्रफि अनावरण

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

एनसेल पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्लब महिला तथा पुरुष भलिबल प्रतियोगिताको ट्रफि अनावरण गरिएको छ ।





पोखरा रंगशालास्थित भलिबल कोर्टमा भोलिदेखि हुने उक्त प्रतियोगिताको ट्रफि गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले अनावरण गरेका हुन् । टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा हुन लागेको प्रतियोगिता माघ १९ गतेसम्म चल्नेछ । ट्रफि अनावरण गर्दै मन्त्री थापाले टाइगर ग्रुपले छोटो समयमा भलिबलको क्षेत्रमा उत्कृष्ट काम गरेको बताए । उनले खेलाडी उत्पादन र एक्स्पोजर गर्न यो प्रतियोगिताले महत्वपुर्ण भूमिका खेलेको बताए । प्रतियोगिताको तयारी पूरा भएको प्रतियोगिता संयोजक रामकृष्ण ज्ञवालीले जानकारी दिए । एक विदेशी टोली आउन ढिलाई भएका कारण ट्राईसिट निकाल्न ढिलाई भएको उनले बताए । केही बेरमा टेक्निकल टिम बसेर ट्राईसिट फाइनल गरिने उनको भनाइ छ । प्रतियोगिताको पहिलो खेल शनिबार बिहान १० बजेबाट सुरु हुनेछ । खेल हेर्ने दर्शकका लागि टिकट खुला गरिएको आयोजकले जनाएको छ । खेल हेर्नका लागि इसेवामार्फत अनलाइन टिकट काट्न सकिनेछ । दुई खेलपछि उद्घाटन कार्यक्रम हुने टाइगर ग्रुपका अध्यक्ष नारायणप्रसाद शर्माले जानकारी दिए । प्रतियोगिताको उद्घाटन सूचना तथा सञ्चार मन्त्री पृथ्वीसुब्बा गुरुङले गर्नेछन् । पहिलो दिनको तेस्रो खेलमा आयोजकको महिला टोलीले खेल्नेछ । अरुणा शाहीको कप्तानीमा रहेको आयोजक टोलीमा ल्याइल्याण्डका ३ खेलाडी अनुबन्ध भएका छन् । प्रतियोगितामा २ विदेशी टोलीसहित ६-६ टोलीले सहभागिता जनाएका छन् । विदेशी टोलीका रुपमा महिलातर्फ युनाइटेड प्यासन भलिबल क्लब, थाइल्यान्ड र पुरुषतर्फ भारतको सुनिल भलिबल क्लब, कुरुक्षेत्रको टिम सहभागी हुने छन् । पुरुषतर्फ हेल्प नेपाल स्पोर्टस् क्लब, गण्डकी प्रदेश भलिबल संघ, नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लबले सहभागिता हुँदैछन् । महिलातर्फ सहभागी टोलीमा नेपाल एपिएफ क्लब, टिपटप न्यू डायमन्ड स्पोर्टस् क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब र टाइगर ग्रुप अफ पोखरा नेपाल छन् । प्रतियोगितामा सहभागी हुन अधिकांश टोली पोखरा आइसकेका छन् ।

प्रतियोगिताका विजेता टोलीले समान ५ लाख ८५ हजार ५५५ रुपैयाँ पाउनेछन् । उपविजेताले समान २ लाख ८५ हजार ५५५ र तृतीय हुने टोलीले १ लाख ८५ हजार ५५५ रुपैयाँ पाउने आयोजकले जनाएको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले समान २५ हजार ७७७ रुपैयाँ प्राप्त गर्नेछन् । विधागततर्फ उत्कृष्ट हुनेलाई समान १० हजार ५५५ रुपैयाँ प्रदान गरिने छ ।

# चार वर्षमा ...

जलविद्युत् आयोजनाको डुबान क्षेत्रमा छ भने बाँकी १९ वटा पुल कार्यान्वयनमा लैजान सक्ने अवस्थामा रहेको तिवारीले बताउनुभयो ।

यसै गरी जिल्लामा चालु आवमा पाँच वटा झोलुङ्गे पुल निर्माण हुने भएको छ । त्यसमध्ये तीन वटा पुलको विस्तृत अध्ययन पुरा भएको छ भने दुई वटा पुलको अध्ययन हुन बाँकी छ । भिमाद नगरपालिका-६ स्थित जनज्योति क्याम्पस अल्छीचौतारा झोलुङ्गे पुलका लागि रु ३२ लाख ३८ हजार, शुक्लागण्डकीस्थित बाङ्गेरह झोलुङ्गे पुलका लागि रु १८ लाख ४२ हजार, भिमाद नगरपालिका-५ फेदीखोला रबरबोटे लदन आमडाँडा झोलुङ्गे पुलका लागि रु २७ लाख ५७ हजार, शुक्लागण्डकी नगरपालिका-१० बुन्चासस्थित क्याङ्दी खोलामा झोलुङ्गे पुलका लागि रु २० लाख र भानु नगरपालिकास्थित रु भैरदवल गण हात्तीचौर झोलुङ्गे पुलका लागि रु २० लाख विनियोजन भएको कार्यालयले जनाएको छ ।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# राजनीति र समाज सेवा

युब राज खनाल

मलाई धेरै कौतूहल लाग्ने गर्छ, राजनीति सेवा हो वा जागिर हो ? यदि राजनीति सेवा हो भने सेवा गर्नेले तलब, पेन्सन र अरू सुविधा किन लिन्छन् ? यदि जागिर हो भने राजनीति गर्नेका लागि योग्यता र परीक्षा किन हुँदैन ? कतै यो मानव समाजप्रति घोटाला त होइन भनेर जति नै प्रश्न उठे पनि नेपाली हामीले जबाफ पाउँदैनौं ।

कस्तो राजनीतिक प्रणालीमा छौं हामी ? थोत्रो च्यातिएको लुगा लगाउने एउटा गरिब नेपालीले आफ्नो सुन्दर भविष्यको कल्पना गर्न भोट हालेर चुनाव जिताएको चिल्लो कोट लगाएको भत्ता र सत्तामा लिप्त भएको सांसदले जवाफ चाहियो भनेर संसद्मा फलाक्छ । अर्को सांसदले ध्यानाकर्षण भयो भन्छ अनि सरकारको मन्त्रीले जवाफ दिन्छ तर जवाफदेहिता कसैले लिँदैनन् । जवाफ माग्ने र दिने प्रक्रियाबीच गरिब जनता खान नपाएर भोकले मरिरहेका हुन्छन्, औषधि नपाएर मर्न बाध्य हुन्छन्, युवा विदेशिन बाध्य भइरहेका छन् । यो क्रम जारी रहँदै गर्दा मर्नेहरूले श्रद्धाञ्जलीसम्म पाउँदैनन् । संसद्मा चिच्याउनेहरूको जागिर चलिरहन्छ । तलब भत्ता पाकिरहेको हुन्छ । माथिल्लो तह मात्र हैन ,पालिकामा पनि यो कुरा उत्तिकै छ । पैसा कमाउनका लागि राजनीति गर्नेहरू छन् र भन्ने पनि गरिन्छ , राजनीतिमा जोगी हुन लागेको हैन् ।

हामी कस्तो प्रजातन्त्र र लोकतन्त्रको भरोसा गरिरहेका छौं ? मैले भोट हालेर मेरो समाजको समस्या सुनाउन पठाएको निर्वाचित व्यक्तिले हाम्रो समस्या सुनाउनका लागि पनि तीन मिनेटभन्दा बढी समय बोल्न पाउँदैन । अझ दुःखको कुरा त्यो तीन मिनेटमा पनि के बोल्नुपर्छ भन्ने नजान्नेलाई हामी चुनाव जिताएर पठाउँछौं । नेपाल पटकपटक लोकतन्त्र खतरामा हुनुको दुई वटा कारण छ । एउटा - नेपाली जनता लोकतान्त्रिक पार्टी भोका छैनन् । दोस्रो - लोकतन्त्रको स्थायित्वको लागि समय लाग्छ र नेपाली जनतासँग धैर्य छैन । मेरो देशमा अनपढको लागि राजनीतिभन्दा अरू कुनै क्षेत्र छैन । राजनीतिभन्दा राम्रो नाफा कमाउने अर्को व्यापार छैन । हामी यस्तो समाजमा बस्छौं, जहाँ राजनीतिज्ञहरू किनबेच गर्नमा नै व्यस्त छन् । पैसाले किन्न सकिने सबैभन्दा उत्तम लोकतन्त्र नेपालमा छ भन्दा फरक नपर्ला । हाम्रो देशको लोकतन्त्रले अब विस्तारै जनताको प्रतिनिधित्व गर्न छोडेको छ । नेपालका राजनीतिज्ञलाई सत्ता र राजनीति अब सेवा गर्ने माध्यम होइन, यो केवल धन्दा बनेको छ । जनताको चुलोमा ग्यास छैन । धारामा पानी छैन । बिरामीले अस्पतालमा बेड पाउँदैन । स्कुलमा गतिलो पढाइ छैन । जनता सुरक्षित छैनन् । कार्यकर्ताको अनुशासन, नेताको शासन दुवै गलत दिशामा गएको । अब यो प्रजातान्त्रिक महँगो प्रजातन्त्रलाई कहिलेसम्म राख्ने हो ? प्रदेश भाग बन्डाका लागि कार्यकर्ता धन्याउन तयार पारिएको संयन्त्र बनेको छ । कतै ती प्रदेश का प्रतिनिधिहरू निरहि छन् । प्रजातन्त्र र गणतन्त्र एउटा क्यासिनो जस्तै भएको छ । त्यो क्यासिनोको मालिक नेपालका राजनीतिज्ञहरू हुन् अनि हामी जस्ता जनता त्यो क्यासिनोको पैसा जितेर जिन्दगी बन्छ कि भनेर जुवा खेल्ने खेलाडी मात्र हौं । भोट हाल्ने प्रक्रिया भनेको क्यासिनोको 'स्लट मेसिन' जस्तै हो । फरक यत्ति हो कि स्लट मेसिन ह्यान्डल तल खिचेर भाग्य खोज्ने अवसर हाम्रो लागि हरेक पाँच वर्षमा एकपटक आउँछ, जसमा जनताले आफ्नो जीवनस्तर माथि उठ्छ र समस्या समाधान हुन्छ कि भनेर स्लट मेसिनको ह्यान्डल तल खिचेर भाग्य खोजेजस्तै भोट हाल्छन् तर जनताको जीवनस्तर कहिल्यै माथि उठ्दैन र समस्या कहिल्यै समाधान हुँदैन । फेरि अर्को चार वर्ष भाग्य खुल्छ कि भनेर कुर्नुभन्दा अरू कुनै उपाय हुँदैन । परिवर्तनको बाटो खोज्छन् , नयाँ च्वाईस गर्छन् , तर जुन जोगी आए पनि कानै चिरेका भन्ने उखान चरितार्थ भएको छ

हामी नेपालीलाई जुवाको लत लागेजस्तै भोट हाल्ने लत लागेको छ र समयान्तरसँगै क्यासिनो मालिकले विभिन्न जुवा खेल्ने प्रणालीको प्रयोग गर्छ तर दुर्भाग्य जीत सधैँ क्यासिनो मालिक (राजनीतिज्ञ) को मात्रै हुन्छ र हुँदै आएको छ । कतै अब त्यो क्यासिनोलाई हटाएर नयाँ सिस्टम प्रयोग गर्ने बेला त आएको होइन ? नभए त क्यासिनोमा जुवा खेल्न आउनेलाई निःशुल्क मदिरा, खाने कुरा दिएर जुवा खेलाएजस्तै हाम्रा राजनीतिज्ञले बेला-बेलामा विकासको नाममा 'गँडुयौला' फालेर जनतालाई लुट्ने काम गरिरहेछन् । कतै अब त्यो क्यासिनोलाई नै हटाएर नयाँ सिस्टम प्रयोग गर्ने बेला त आएको होइन ? अन्न उब्जाउने किसान आज भोको छ । घर बनाउने सिकर्मी र डकर्मीको आफू बस्ने घर छैन । कपडा सिलाउनेहरूसँग आङ ढाकन एकसरो कपडा छैन । तै पनि गाँस, वास, कपास तथा रोजगारीको नारा गुञ्जिरहेको छ । हरेक दिन गरीबी उन्मुलनको नाममा गरीबकै उन्मुलन गर्दिदै छ । हामी त्यो देशमा बस्छौं, जहाँ भविष्य बनाउनका लागि ३५ दिन कुरेर पहिला पासपोर्ट बनाउनुपर्छ । तब मात्र मेरो भविष्यको ढोका देखिन्छ । यहाँ हरेक दिन गरिबी उन्मुलनको नाममा गरिबकै उन्मुलन गर्दिदै छ

१२ पास गरे पछि को विकल्प अमेरिका, जापान, क्यानाडा, अमेरिका छ । ती १८ वर्षका नाबालक विदेश पठाएर रेमिट्यान्स बाट तलब भत्ता र अन्य सुविधामा रमाउनेहरूले एक पटक सोच्नु पर्छ । नेपालका राजनीतिक पार्टीहरू व्यापारी हुन् । उनीहरू बजारको खोजीमा छन् । यिनीहरूले केवल व्यापार गरिरहेका छन् । फाइदाका लागि यिनीहरू बजार, उत्पादन र ग्राहक परिवर्तन गर्न कुनै पनि समय तयार रहन्छन् । आखिर व्यापार फाइदामा लागि नै गरिन्छ । आमाको कोख रित्तिइरहेको छ, छोरी र बुहारीको सिन्दुर पुछिएकै छ, जेठो छोरा मुगलान पसेकै छ । छोराको बिहेमा आँगनमा धूलो उडाउँदै रत्यौली खेलौंला भन्ने आमा छोराको शव हेरेर कुनामा भक्कानो छोडी रोइ नै रहेकी छन् । कान्छो छोराको बिहे गर्ने रहर पूरा नहुँदै बुढा बा छोराको मलामी गएकै छन् । बुढापाकाले भन्थे, आक्रामक नेताको साथ दिने निष्किय समर्थन र बुद्धिमान शिक्षकसँग अज्ञानी विद्यार्थी भएको समाज कहिल्यै अगाडि बढ्न सक्दैन । यही हामीले भोगिरहेका छौं ।

समस्या व्यक्तिमा होइन, संरचनामा छ । हामीकहाँ लोकतन्त्र किन सफल छैन ? अन्तरनिहीत निर्वाचन, अयोग्य नेताहरू, अज्ञात मतदाताहरू र अल्पकालीन सोच । जब-जब हामी नेतृत्वको कुरा गर्छौं, असल नेतृत्वको कमी गम्भीर समस्याको रूपमा देखा पर्छ । नेताको व्यक्तित्वले हाम्रो जीवनको हरेक पक्षमा महत्वपूर्ण भूमिका खेल्छ । हाम्रो समाजमा इमानदार व्यक्तित्व भएको नेताको कमी छ । देशलाई सही बाटो देखाउन इमानदार, मिहेनति, दूर दृष्टि भएको नेतृत्वको आवश्यकता छ । नेपाली जनता एउटा यस्तो नेताको खोजीमा छन्, जसले विफलताको जिम्मा आफूले लिन्छ र सफलताको श्रेय आफ्नो टीमलाई दिन्छ । भित्र भित्र फर्सी जस्तै कुहिएर जनतालाई असल असल फर्सी साबित गर्ने नेता हैन्, वास्तविक र यथार्त कुरा गरी यो देशलाई मुक्ति दिलाउने नेता को खाचो छ ।

मलाई लाग्छ, निवस्थ भावनाले अभिप्रेरित नेताको उदय नभए सम्म यो राष्ट्रले मुक्ति पाउने छैन । तसर्थ मलाई लाग्छ राजनीतिमा स्वार्थ लुकेको हुन्छ तर समाज सेवा मा निस्वर्थाता हुन्छ ।

# अल्फामा अग्रेंजी हिज्जे प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

पोखरा १६, लामाचौर स्थित अल्फा बोर्डिङ स्कुलमा शुक्रबार सहयोगी शैक्षिक साझेदारीका विद्यालयहरु बिच आधारभूत तह कक्षा ६ देखि ८ कक्षाका विद्यार्थीहरु बिच अंग्रेजी हिज्जे प्रतियोगिता सम्पन्न भएको छ । विद्यालयका प्राचार्य सुरेन्द्रमान सिंह भण्डारीको अध्यक्षता एवम् प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतमको प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यक्रममा १४ वटा स्कुलहरुको सहभागिता रहेको थियो । कार्यक्रममा विद्यालयका सह(प्राचार्य कृष्ण लम्सालको संयोजकत्वमा आयोजना गरिएको थियो भने शेरबहादुर क्षेत्री र सुरजकुमार क्षेत्री निर्णायक मण्डलमा रहनु भएको थियो । बालप्रभात बोर्डिङ स्कुल प्रथम, बेसलाइन एकेडेमी द्वितीय, बाल कल्याण हाई स्कुल तृतीय.र अल्फाबोर्डिङ स्कुलले.सान्त्वना स्थान हासिल गर्न सफल भए । विजयी हुने विद्यार्थीहरुलाई प्रमाण पत्र सहित पुरस्कृत गरिएको थियो । प्राचार्य भण्डारीले विद्यार्थीहरुको भाषिक सिप विकास गर्नका साथै उनीहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि यस्ता प्रतियोगितात्मक कार्यक्रमहरुको अहम भूमिका रहने भएकाले आगामी दिनहरुमा पनि निरन्तरता दिनुपर्ने कुरामा जोड दिनुभयो ।

# पोखरा कलेज अफ म्यानेजमेन्टमा आइडिया प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ




पोखरा कलेज अफ म्यानेजमेन्टमा शुक्रबार आइडिया कन्टेस्ट प्रतियोगिता सम्पन्न भएको छ । पोखरा उद्योग वाणिज्य संघको सभाकक्षमा सम्पन्न प्रतियोगितामा १२ वटा समूहले आफ्नो व्यवसायिक योजना प्रस्तुत गरेका थिए ।

प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने रिजेन फ्युल्स एण्ड इनर्जी समूहलाई नगद रु. १० हजार नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो । त्यसै गरी डेली बास्केट समूहले दोस्रो स्थान प्राप्त गरी ६ हजार नगद सहित प्रमाणपत्र प्रदान गरिएको कलेजकोप्राचार्य लिनानेगी श्रेष्ठले बताउनुभयो । प्रतियोगीहरुको योजनाको मूल्यांकन व्यवसाय प्रवर्द्धन केन्द्र, पोखरा महानगरपालिकाका प्रमुख कार्यकारी निर्देशक नवराज अधिकारी, मुक्ती इनर्जी तथा हरिलोका संस्थापक प्रकाश आचार्य र पहिरन ट्रेडिङ्गको कार्यकारी निर्देशक लक्ष्मी थापा गिरीले गर्नुभएको थियो । कलेजको वार्षिक क्यालेन्डर अनुसार नै यो प्रतियोगिता हरेक वर्ष आयोजना हुँदै आएको कार्यक्रम संयोजक हरी अधिकारीले जानकारी दिनुभयो । प्रतियोगिताले उद्यमशिलता विषय अध्ययन गरिसकेका विद्यार्थीहरुमा उद्यमी सोच निर्माण गर्न सघाएको उप प्राध्यापक निकेश कर्मचार्यले बताउनुभयो । कार्यक्रम कलेजको प्राचार्य श्रेष्ठको अध्यक्षता तथा उप प्राध्यापक सुवास मल्लको सञ्चालनमा सम्पन्न भएको थियो । पोखरा कलेज अफ म्यानेजमेन्टले विगत दुई दशकदेखि पोखरा विश्वविद्यालयबाट सम्बन्धप्राप्त गरी पोखरामा व्यवस्थापन संकायमा अध्ययन अध्यापन गराउँदै आएको छ । हाल कलेजमा दिवा तथा बिहानी सत्रमा ६ सय बढि विद्यार्थीहरु बिबिए, बिबिए फाइनान्स र बिसिएसआईटी कार्यक्रममा अध्ययन गरिरहेका छन् ।

# साहित्यकार श्रेष्ठ एक लाख नगदसहित पुरस्कृत

पोखरापत्र संवाददाता
बेनी, ११ माघ

बेनीका साहित्यकार अजयमिल श्रेष्ठलाई आज रू एक लाख नगदसहित पुरस्कृत गरिएको छ ।

धनेश्वरी-तारानाथ स्मृति कोषले बेनी नगरपालिका-५ पुलाचौरस्थित जनकल्याण माविमा आयोजित कार्यक्रममा साहित्यकार श्रेष्ठलाई पुरस्कृत गरिएको हो । म्याग्दी बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष दीपेन्द्रकुमार श्रेष्ठ, कोषका सचिव माधवप्रसाद रेग्मीले श्रेष्ठलाई विशिष्ट कविको रूपमा सम्मानसहित नगद रू एक लाख पुरस्कार प्रदान गर्नुभएको थियो ।

श्रेष्ठले अनुसन्धानमूलक लेख, रचना, कविता, गीत आदिमार्फत म्याग्दीको इतिहास, कला, साहित्यको संरक्षण र संवर्द्धनमा पुऱ्याएको योगदानबापत सम्मान गरिएको रेग्मीले बताउनुभयो । पुरस्कृत साहित्यकार श्रेष्ठले स्व पण्डित तारानाथ रेग्मीको जीवनकाव्यलगायत १५ भन्दा बढी पुस्तक प्रकाशन गर्नुभएको छ । कोषले पत्रकारतर्फ नेपाल टेलिभिजनका म्याग्दी समाचारदाता राकेश शर्मालाई रू १० हजारसहित सम्मान गरिएको थियो । साहित्यतर्फ



बेनी नगरपालिका-५ का कृष्णबहादुर बानियाँलाई रू १० हजारसहित सम्मान गरेको छ ।

शैक्षिक तथा धार्मिक व्यक्तित्व धनेश्वरी र तारानाथ रेग्मीको स्मृतिमा स्थापित कोषले हरेक वर्ष शिक्षा, पत्रकारिता, साहित्य विधामा योगदान पुऱ्याउनेलाई सम्मान गर्दै आएको छ । गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मी, दाजुहरू मुकुन्द, नारायण, स्व. मोहन र रामप्रसाद रेग्मीलगायत परिवारका सदस्यहरूले रू १८ लाखको कोष स्थापना गर्नुभएको थियो ।


# आवश्यक कागजपत्र हरायो

गण्डकी प्रदेश स्याङ्जा जिल्ला गल्याङ नगरपालिका वडा नं.७ साबिक पेलाकोट ८ बर्दलाम् निवासी स्वर्गिय लाल बहादुर रानाको श्रीमती मेरो आमा दुर्गा देवि रानाले मिति २०८१/०९/२४ गते बुधबारका दिन आफ्नै निवास बर्दलाम् धरदेखि पोखरा पेन्सन लिन र पेन्सन पट्टा रिनो (नविकरण) गर्न जाने क्रममा भारतीय सरकारबाट खाईपाई गर्दै आएको सेवा सुविधा को पेन्सन पट्टा र बाबा लाल बहादुर रानाको नेपाली नागरिताको प्रमाण पत्र आमा दुर्गदिवि रानाको नेपाली नागरिताको प्रमाण पत्र र आमा दुर्गा देविको नाममै रहेको नेपाल एस.बी.आइ (SBI) बैंकको चेक बुक र स्वास्थ्य विमा कार्ड र हामी चारभाई र आमाको चिना समेत हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**सम्पर्कः दलबहादुर राना**
**नयाँबजार पोखरा-९**
**सम्पर्क नं. ९८४६०१७९०२**


# स्याङ्जामा दुई हजार चार सय रोपनीमा आलुखेती

पोखरापत्र संवाददाता
स्याङ्जा, ११ माघ



यहाँका केही किसानले व्यावसायिक रुपमा आलुखेती थालेका छन् । गल्याङ,चापाकोट, भीरकोट, वालिङका किसानले व्यावसायिक रुपमा आलुखेती थालेका हुन् ।

यस वर्ष स्याङ्जामा दुई हजार चार सय रोपनीमा आलुखेती गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख विनोद हमालले बताउनुभयो । गत वर्ष एक हजार आठ सय ५० रोपनीमा आलुखेती गरिएको थियो । "जिल्लामा आलुखेती हुने क्षेत्रफल वृद्धि भएको छ, क्षेत्रफल वृद्धि हुँदा उत्पादन पनि वृद्धि हुन्छ", उहाँले भन्नुभयो, "यस वर्ष पनि उत्पादन वृद्धि हुने सङ्केत देखिएको छ ।" आलुखेती गर्ने किसानलाई स्थलगत प्राविधिक प्रशिक्षण, बीउ खरिदमा अनुदान, सिँचाइ, रोगकीरा व्यवस्थापन, ग्रेडिङ, प्याकिङ, भण्डारण र बजारीकरणका लागि ज्ञान केन्द्रले सहयोग गर्दै आएको उहाँले बताउनुभयो ।

जिल्लामा कृषक समूह, सहकारी व्यावसायिक फार्ममार्फत व्यक्तिगत र सामूहिक रुपमा आलुखेती गरिएको छ । "विभिन्न जातका बीउ आलु उत्पादनमा स्याङ्जा आत्मनिर्भर रहेको छ, बीउ आलु जिल्लाबाट अन्यत्र पनि निर्यात हुने गरेको छ", उहाँले भन्नुभयो, "खायन आलु जिल्लामा उत्पादन भएकाले नपुगेकाले अन्यत्रबाट आयात गर्नुपर्ने अवस्था रहेको छ, व्यावसायिक आलु उत्पादनतर्फ किसान आकर्षित हुनेक्रम बढ्दै गएकाले उत्पादन पनि वृद्धि हुँदै जाने छ ।" किसानले बीउ आलु छनोट गर्नसके, उत्पादन भएपछि त्यसको भण्डारण र बजारीकरणका विषयमा पनि बुझ्दै गएकाले अबका वर्षहरूबाट किसानले सीधै बजारीकरण गर्नसक्ने बन्नुहुनेछ । कुन हावापानी र भूगोलमा कुन जातको आलु लगाउँदा उपयुक्त हुन्छ सो अध्ययन गरेर बीउ सिफारिस गर्ने गरेको उहाँले बताउनुभयो । जिल्लामा जनकदेव, खुमल उज्वल, कार्डिनल, एमएस ४५, रोजिटालगायतका उन्नत जातको बीउ आलु लगाउने गरिएको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाव | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सत्ताइस लाख खर्चेर स्वास्थ्य केन्द्रको भवन निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ११ माघ

बेनी नगरपालिका-५ सेतोडुङ्गामा सहरी स्वास्थ्य केन्द्रको भवन निर्माण भएको छ ।

गैरसरकारी संस्था गुड नेभरहुडको रु २७ लाखको लागतमा तीनकोठे एकतले पक्की भवन निर्माण भएको हो ।

सहरी स्वास्थ्य केन्द्रबाट बेनी नगरपालिका-४ को डाँडाखेत, वडा नं ५ को सेतोडुङ्गा, कुमाली, वडा नं ६ को छापका बासिन्दाले सेवा प्राप्त गर्न सहज भएको छ ।

वडास्तरका स्वास्थ्यचौकीमा सेवा लिन अपायक पर्ने बस्तीलाई लक्षित गरेर नगरपालिकाले सेतोडुङ्गाको साथै वडा नं ४ को सिङ्गा र वडा नं ९ को गलेश्वरमा सहरी स्वास्थ्य केन्द्र सञ्चालन गरेको छ । केन्द्रबाट स्वास्थ्य परीक्षण, परामर्श, खोप सेवा प्रवाह हुने बेनी नगरपालिकाको जनस्वास्थ्य अधिकृत चन्दन सुवेदीले बताउनुभयो ।

# पोखरा भ्रमण वर्षको तयारीमा महानगरपालिका

जमुना वर्षा शर्मा
पोखरा, ११ माघ/रासस

पोखरा महानगरपालिकाको विशेष पहलमा गत वर्ष पोखरालाई नेपालको पर्यटनको राजधानी घोषणा गरियो । यो घोषणाले निकै चर्चा पायो सकारात्मक र आलोचनात्मक दुवै तरिकाबाट । उचित रणनीति, पूर्वाधार विकास, र दीर्घकालीन योजना निर्माण नगरी पोखरालाई पर्यटनको राजधानी घोषणा गरिएको भन्ने टिप्पणी भएको थियो । तथापि, पोखरालाई पर्यटन राजधानी घोषणा गरेसँगै यस क्षेत्रले आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा महत्वपूर्ण फाइदाहरू लिने विश्वासले पोखराका पर्यटन व्यवसायीमा बेग्लै ऊर्जा थपेको छ ।

घोषणापश्चात् पोखरालाई अन्तर्राष्ट्रिय पहिचान दिलाउनाका साथै स्थानीय अर्थतन्त्रमा वृद्धि, रोजगारीका अवसर सिर्जना र पूर्वाधार विकासको गति तीव्रसँगै यसले पर्यटकहरूलाई आकर्षित गर्दै स्थानीय कला, संस्कृति र प्राकृतिक सौन्दर्यको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास सरोकारवाला सबैमा रहेको पाइन्छ । यतिबेला पोखरा महानगरपालिकाले अहिले पोखरा भ्रमण वर्ष २०२५ लाई भव्य रूपमा मनाउने तयारी गरिरहेको छ । महानगरको नीति तथा कार्यक्रममा समेटेको भ्रमण वर्षलाई यही जनवरी महिनाको अन्तिम या फेब्रुअरीमा औपचारिक कार्यक्रम गरेर अघि बढाउने तयारी गरिरहेको पोखरा महानगरका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो । उहाँले पोखरा भ्रमण वर्षलाई सफल बनाउन विशेष तयारीमा साथ लागिपरेको बताउनुभयो । “पोखरा भ्रमण वर्ष २०२५ हाम्रो महानगरको पर्यटन क्षेत्रको उन्नति र प्रवर्द्धनका लागि कोसेढुङ्गा साबित हुने विश्वाससहित हामीले गृहकार्य थालेका छौँ, सफल बनाउँछौँ,” प्रमुख आचार्यले भन्नुभयो । उहाँले नेपालको पर्यटकीय राजधानीका रूपमा रहेको पोखरालाई उत्कृष्ट गन्तव्य बनाउनका लागि विभिन्न पर्यटकीय गतिविधि, राष्ट्रिय तथा अन्तरर्ष्ट्रिय सहकार्यलाई प्राथमिकता दिएको बताउनुभयो । “पोखराको पर्यटनलाई साँचो अर्थमा नयाँ



उचाइमा पुऱ्याउनका लागि सबै पक्षको समन्वय र दीर्घकालीन दृष्टिकोण अपनाउनु पर्छ,” आचार्यले भन्नुभयो । उहाँले मित्रराष्ट्र चीनले आफ्ना नागरिकका लागि नेपाल भ्रमण वर्ष २०२५ घोषणा गरेको र यसले नेपालको पर्यटन प्रवर्द्धनमा ऐतिहासिक भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । “यो कदमले नेपाल र चीनबीचको मित्रता अझ सुमधुर बनाउनाका साथै पोखरालगायत नेपालको पर्यटकीय गन्तव्यलाई विश्वव्यापी रूपमा चिनाउने अवसर प्रदान गरेको छ ।” नेपाल भ्रमण वर्ष २०२५ र चिनियाँ नयाँ वर्षका अवसरमा ठमेल र भक्तपुरमा आयोजना गरिएका सांस्कृतिक महोत्सवहरूले नेपालको सांस्कृतिक विविधता, परम्परा र पर्यटन प्रवर्द्धनमा नयाँ आयाम थप्ने विश्वास गरिएको छ । पोखरा महानगरपालिकाका पर्यटन तथा सहरी विकास महाशाखा प्रमुख विमल रञ्जन कार्कीले पोखरा महानगरले वर्ष २०२५ लाई विशेष पर्यटन वर्षका रूपमा सफल बनाउन विभिन्न योजना समेटेको बताउनुभयो । उहाँका अनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रमुख देशहरूमा नियमित उडान सुरु गर्ने, पर्यटन विविधीकरणका लागि साहसिक पर्यटनसँगै सांस्कृतिक, ग्रामीण र पर्यावरणीय पर्यटनलाई प्राथमिकता दिने तथा स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा आधारित योजनाहरू लागू गरेर उनीहरूको आर्थिक स्थिति सुधार गर्ने उद्देश्य रहेको छ । साथै, डिजिटल माध्यमबाट अन्तरर्ष्ट्रियस्तरमा पोखराको प्रचार-प्रसार गर्दै पर्यटकलाई अविस्मरणीय अनुभव प्रदान गर्ने ‘लाइफटाइम एक्सपेरियन्स’ दिने नयाँ कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

महानगरले यो घोषणापश्चात १५ लाख पर्यटक भित्र्याउने महत्वाकाङ्क्षी योजना अघि सारेको कार्कीले जानकारी दिनुभयो । “यस योजनामा पर्यटन, पूर्वाधार विकास, वातावरणीय दिगोपन, र सामुदायिक उत्थानलाई प्राथमिकता दिइएको छ,” कार्कीले भन्नुभयो, “निजी क्षेत्रसँग सहकार्य गर्दै वर्षभरि पोखरालाई पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने लक्ष्य महानगरले राखेको छ ।” प्रत्येक वडामा कम्तीमा एक पर्यटकीय गन्तव्य विकास गरी तालदेखि ताल, गुफादेखि गुफा, हाइकिङ मार्ग निर्माण गरिनेछ । विशेष परियोजनाहरूअन्तर्गत अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको निर्माण, डेभिज फल्समा ग्लास ब्रिज, सेती नदी खोँचमा पर्यटक पूर्वाधारको विकास, फोहोर व्यवस्थापन केन्द्र निर्माण गरिने भएको छ । फेवाताल, सराङकोट, र अन्नपूर्ण परिपथजस्ता गन्तव्यहरूलाई थप प्रवर्द्धन गर्नाका साथै नयाँ पारिस्थितिक पर्यटन पहल, सांस्कृतिक पर्यटन कार्यक्रम र समुदाय-आधारित परियोजनामार्फत पर्यटकलाई विविध अनुभव प्रदान गर्ने प्रयास पनि भइरहेको छ ।

त्यसैगरी, प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पदामा आधारित पर्यटन कार्यक्रम सञ्चालन गर्नाका साथै मुक्तिनाथ प्रवेशद्वार निर्माण, फेवातालमा बाँध निर्माण, कोत्रेमझुवामा बहुउद्देश्यीय प्रवेश पार्क, फेवातालको माथिल्लो भागमा फेवा बीच विकास, रत्न मन्दिरलाई दरबार सङ्ग्रहालयका रूपमा पुनर्निर्माण, हेरिटेज ट्रेल र मेट्रो ट्याक्सी सेवाजस्ता पूर्वाधार विकास योजनाहरू कार्यान्वयन गरिने जनाइएको छ ।

एसियाली विकास बैङ्क (एडिबी) को आर्थिक सहयोगमा पोखराको पर्यटन विकास र स्थानीय जीविकोपार्जन सुधारका लागि विभिन्न परियोजनाहरू अहिले सञ्चालित रहेको पोखराको पर्यटन सुधार परियोजनाहरूबाट काम सुरुआत भएका छन् । एडिबीबाट सहरी उत्थानशील तथा जीवनयापन सुधार आयोजनाका लागि ३१.७९ मिलियन डलर आर्थिक सहयोग गरेको आयोजनाका म्यानेजर इन्जिनीयर कविता पौडेलले जानकारी दिनुभयो ।

पोखरा पर्यटन परिषद्का वरिष्ठ उपाध्यक्ष हरि भुजेलले पोखरा महानगरपालिकाले घोषणा तयारी गरेको पोखरा भ्रमण वर्षले पर्यटन क्षेत्रको विकास र पोखराको विश्वव्यापी पहिचानका लागि महत्वपूर्ण अवसरका रूपमा लिन सकिने बताउनुभयो । उहाँले हालै मात्र सम्पन्न ड्रागन बोट रेस प्रतियोगिता, सडक महोत्सव, हट एयर बेलुन महोत्सवजस्ता जल, जमिन र आकाश लक्षित महोत्सवहरूले अन्तर्राष्ट्रियजगत् मा पोखरालाई चिनाउन थप सहयोग पुऱ्याएको बताउनुभयो । भ्रमण वर्षका लागि पनि साहसिक पर्यटन, ग्रामीण पर्यटन र सांस्कृतिक पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्ने उहाँको सुझाव छ । पोखरा महानगर सहरी योजना आयोगका पूर्वउपाध्यक्ष तथा पर्यटन रणनीतिका योजनाकार डा रामचन्द्र लामिछानेले भ्रमण वर्ष घोषणा मात्र नगरी यसको लक्ष्य हासिल हुनेगरी काम गर्नुपर्ने बताउनुहुन्छ । “पोखरा भ्रमण वर्ष घोषणा गरेर मात्र पर्यटक आउँदैनन्, रणनीतिक योजनासहितका कार्यक्रम र पूर्वाधार विकासमा ध्यान दिनुपर्छ । उहाँले घोषणलाई व्यवहारमा उतार्नका लागि स्पष्ट रणनीति र दृढ इच्छाशक्ति हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पोखरालाई अन्तरर्ष्ट्रियस्तरको गन्तव्यका रूपमा स्थापित गर्न यातायात, होटल, गाइड, सुरक्षा, हस्पिटालिटी र स्थानीय समुदायको सशक्त सहभागिता सुनिश्चित गर्नुपर्छ । पोखराको पर्यटनलाई दिगो र समृद्ध बनाउन स्थानीय समुदायको सक्रिय सहभागिता, पर्यावरणीय संरक्षण र उत्कृष्ट पूर्वाधार विकास अनिवार्य हुन्छ । साथै, पूर्वाधार विस्तार, अन्तर्राष्ट्रिय उडान सञ्जालको प्रवर्द्धन र पर्यटन कार्यक्रमहरूको विविधताजस्ता पक्षहरूलाई प्राथमिकतामा राख्नुपर्ने सरोकारवालाहरूको भनाइ छ ।

# झोलुङ्गे पुलले यात्राअवधि छोटियो

पोखरापत्र संवाददाता
बागलुङ, ११ माघ

भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने म्याग्दीको धवलागिरि गाउँपालिका-४ खिवाङको खोलाखर्कमा झोलुङ्गे पुल निर्माण भएपछि यात्राअवधि छोटिएको छ ।

एक सय १२ मिटर लामो पुलबाट धवलागिरि-४ खिवाङ, वडा नं ५ मलम्पार र मराङका एक सय ७० घरका आठ सय ५० जनसङ्ख्या लाभान्वित भएका छन् । रू ५७ लाख ५२ हजार पाँच सय ८८ को लागतमा पुल निर्माण भएको वडाध्यक्ष यामबहादुर घर्तीले बताउनुभयो ।

उपभोक्ता समितिका सदस्य चन्द्रबहादुर हमालले पुल बनेपछि एक घण्टा ३० मिनेटको बाटो पाँच मिनेटमा छोटिएको बताउनुभयो । “पहाडको टुप्पोबाट फेदीमा झरेर जङ्गल र भिरको बाटो भएर पुनः डाँडामा उक्लँदा भालु, चितुवाको डर थियो”, उहाँले भन्नुभयो, “पुल बनेपछि सुरक्षित रूपमा छोटो बाटो हिँड्न पाएका छौँ ।”

धवलागिरि गाउँपालिका, उपभोक्ता र झोलुङ्गे पुल क्षेत्रगत सहयोग कार्यक्रम (स्वाप)को सहकार्यमा पुल निर्माण भएको हो । पुल निर्माणका लागि गैरसरकारी संस्था मिलन म्याग्दीले सामाजिक तथा प्राविधिक सहयोग गरेको थियो । गाउँपालिकाले रू सात लाख ४९ हजार ९२ सहयोग गरेको पुल निर्माणका लागि उपभोक्ताले रू एक लाख १५ हजार दुई सय ४५ बराबरको श्रमदान गरेका मिलन म्याग्दीका अध्यक्ष दिलु बिटालुले बताउनुभयो ।

स्वाप कार्यक्रममार्फत लठ्ठा, बुल्डअफ ग्रिप, निर्माण सामग्री खरिद, ढुवानी, मजदुरको ज्याला र गैरसरकारी संस्थाको सेवा शुल्कका लागि रू ४८ लाख ८८ हजार दुई सय ५१ बराबरको सहयोग भएको छ । यस वर्ष धवलागिरिमा खोलाखर्क र हाडेभिर-खारा जोड्ने म्याग्दी खोलामाथि दुईवटा झोलुङ्गे पुल निर्माण भएको छ । रू ५७ लाख ८६ हजार चार सय ८८ को लागतमा निर्माण भएको हाडेभिर-खारा जोड्ने एक सय एक मिटर लामो झोलुङ्गे पुलबाट धारापानी, खारा, बिम, इल्पुका एक सय ७४ घरका एक हजार दुई सय ३३ जनसङ्ख्या लाभान्वित भएका छन् ।

खोलाखर्कको झोलुङ्गे पुलको बिहीबार धवलागिरिका उपाध्यक्ष रेशम पुनमगरले उद्घाटन गर्नुभयो । सडक सुविधाको पहुँच नभएको भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा निर्माण भएको झोलुङ्गे पुल सुरक्षित आवतजावत र यात्राअवधि छोट्याउन प्रभावकारी बनेको बताउनुभयो । समुदाय, दातृ निकाय र गैरसकारी संस्थासँग समन्वय गरेर आवश्यक अन्य ठाउँमा पनि पुल निर्माणका लागि गाउँपालिकाले पहल गरेको पुनले बताउनुभयो ।

# बालयौन दुरुपयोग अभियोगमा शिक्षक पक्राउ

पोखरापत्र संवाददाता
स्याङ्जा, ११ माघ

१५ बर्षिय किशोरीलाई बालयौन दुरुपयोग गरेको आरोपमा शिक्षक पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले बालयौन दुरुपयोगगरेकोआरोपमाबाणगंगा ५ कपिलबस्तुका ३१ बर्षिय नरेश चौधरीलाई पक्राउ गरेको हो । गत पुष २६ गते ति किशोरीलाई विद्यालयको कोठामा करणी गर्ने मनसायले बालयौन दुरुपयोग गरेको आरोपमा क्षतीपुर्ति दिलाई भराई पाउँ भन्ने जाहेरीका आधारमा प्रहरीले चौधरीलाई पक्राउ गरेको जनाएको छ ।

बालयौन दुरुपयोग आरोपलागेकाचौधरीलाईप्रहरीले चितवनबाटपक्राउगरेकोजिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक हरीप्रसाद पौडेलले जानकारी दिए । पक्राउ परेका चौधरीलाई बालयौन दुरुपयोग सम्वन्धी मुद्धामा जिल्ला अदालत स्याङ्जाबाट म्याद लिएर अनुसन्धान अगाडी बढाइएको सूचना अधिकारी पौडेलले बताए । पिडित किशोरीको नाम र विद्यालय सहित ठेगाना भने प्रहरीले गोप्य राखेको छ ।

# सुशासन कायम गर्न अध्यादेश: मन्त्री गुरुङ

पोखरापत्र संवाददाता
लमजुङ, ११ माघ

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मुलुकमा सुशासन कायम गर्न सरकारले अध्यादेश ल्याएको बताउनुभएको छ ।

शुक्रबार मध्यनेपाल नगरपालिका-३ सोतीपसलस्थित मङ्गला माध्यमिक विद्यालयको हीरक जयन्ती कार्यक्रम उहाँले सुशासन बिना विकास नहुने भएकाले सरकारले अध्यादेशमार्फत १३ वटा कानुन संशोधन गरिएको बताउनुभयो । सरकारका प्रवक्तासमेत रहनुभएका गुरुङले संविधान संशोधन राष्ट्रिय सहमतिमा मात्रै हुने बताउनुभयो । यद्यपि सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशिता भने परिवर्तन नहुने उल्लेख गर्नुभयो ।” उहाँले राजनीतिक स्थिरता र संविधान रक्षाका लागि कांग्रेस र एमाले मिलेर वर्तमान सरकार बनेको बताउनुभयो । “मुलुकलाई आवश्यक पर्दा जहिले पनि कांग्रेस र एमाले मिल्दै आएका छन्, अहिले पनि त्यही आवश्यकताका आधारमा मिलेका छन्”, उहाँले भन्नुभयो । उहाँले पञ्चायतकालदेखि गणतन्त्र स्थापनासम्ममा दुवै राजनीतिक दल मिलेको स्मरण गर्नुभयो । साथै सहकारी ठगीविरुद्ध सरकार कडा तरिकाले प्रस्तुत भएको उहाँको भनाइ थियो । त्यसअवसरमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य जमिन्द्रमानलगायतको उपस्थिति थियो ।

# स्याङ्जामा आगालागीबाट झण्डै १० लाखको क्षति

पोखरापत्र संवाददाता
स्याङ्जा, ११ माघ

स्याङ्जामा तीन ठाउँका गोठमा आगालागी हुँदा झण्डै १० लाख बराबरको क्षती भएको छ । जिल्लाका तीन घरगोठमा भएको आगालागीबाट ९ लाख ८५ हजार बराबरको क्षती भएको हो ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार पौष ४, ८ र १० गते भएको आगालागीबाट उक्त क्षती भएको छ । पौष ४ गते हरिनास गाउँपालिका ४ कुलुङखोला बस्ने होमबहादुर भुजेलको गोठ, पौष ८ गते चापाकोट ८ दामाचौरका देवीलाल न्यौपानेको गोठ र पौष १० गते अर्जुनचौपारी गाउँपालिका ५ गैराथर बस्ने सुर्यप्रसाद पौडेल गोठमा आगालागी भएको थियो ।

हरिनासका भुजेलको गोठमा र अर्जुनचौपारीका पौडेलको गोठमा कुडो पकाउने क्रममा अचानक आगालागी भएको र चापाकोटका न्यौपानेको गोठमा विद्युत सर्ट भई आगालागी भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी डिएसपी हरीप्रसाद पौडेलले बताए । हरिनासका भुजेलको गोठमा आगालागी हुँदा ६० हजार, चापाकोटका न्यौपानेको गोठमा आगालागी हुँदा १ लाख २५ हजार र अर्जुनचौपारीका पौडेलको गोठमा आगालागी हुँदा ८ लाख बराबरको क्षती भएको डिएसपी पौडेलले बताए । हरिनासका भुजेल र चापाकोटका न्यौपानेको गोठमा आगालागी हुँदा गोठ र परालको टौवा नष्ट भएको पशुचौपायमा कुनै क्षति भएको छैन । यता अर्जुनचौपारीका पौडेलको गोठमा आगालागी हुँदा पशुचौपाय सहित परालको टौवा नष्ट भएको छ । पौडेलको आगालागीबाट ठुलो क्षती भएको प्रहरीले जनाएको छ । आगालागीका बिषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

**REPAIR AND MAINTENANCE OF BUILDINGS WORKS OF EMBASSY OF INDIA, PPO POKHARA**

1. Sealed tender documents/ quotations are invited directly from reputed bidders for the following works:-

(a) Renovation of Kitchen of Type-II Quarters (28 Nos) of EoI, PPO Pokhara.

(b) Repair and renovation of Doors, Windows and Bathroom Accessories of Quarters of Type-I, II, III, IV & V of EoI, PPO Pokhara

(c) Renovation of ground section store room for store and equipment in South Transit Facility of EoI, PPO Pokhara.

(d) Repair and renovation of Doors, Windows, Wardrobe of Room No 4, 5, 687, Ante Room and Kitchen in South Transit Facility of EoI, PPO Pokhara.

(e) Repair/ renovation of MK Pandey Dormitory Tiles of EoI, PPO Pokhara.

(f) Repair/ renovation of Quarter No 1 Toilet of Type-III Staff Quarter of EoI, PPO Pokhara.

2. The last date of receipt of offer in sealed envelope (Technical Bid and Financial Bid) separately in each work is on or betore 31 Jan 2025 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.ng and eprocure.gov.in. The bid documents to be downloaded from website of Embassy of India, Kathmandu, Nepal under Tender Notices. Tele No 061-434240/ 061- 435804/ 061-435805

3. Bidders may visit the proposed work site before submitting the bid.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**